
# लेदोमल प्रयोग गरी कम्पोष्ट मल बनाउने तरिका

कुनै बोटबिरूवा, तरकारी र फलहरूको जैविक फोहरलाई सुक्ष्मजीवको माध्यमबाट न्यानो, उष्ण र हावा प्रवाह हुने प्राकृतिक वातावरणमा कुहाउने विधिलाई कम्पोष्टिङ भनिन्छ, र यसबाट कम्पोष्ट (प्राङ्गारिक) मल बन्दछ । यसैगरी, बायोग्याँस प्लाण्टमा पनि तरल पदार्थहरू कुहिएर मिथेन ग्याँस उत्पादन हुन्छ र निकास प्वालबाट बाँकी भएका तरल पदार्थहरू लेदोमलका रुपमा बाहिरिन्छ ।

उक्त लेदोमलको प्रयोग गरी थप प्रभावकारी कम्पोष्ट मल तयार गर्न निम्न विधिहरू अपनाउन सकिन्छ ।





## कम्पोष्ट मल बनाउने ६ चरणबद्ध तरिकाहरु :

**चरण १.** जैविक फोहरको थुप्रो राख्न सर्वप्रथम कुनै उपयुक्त निश्चित ठाँउ छनौट गर्नु पर्छ । कोदालोले केही माटो खोस्रेर वा डोरीले घेरा लगाई ४ फिट चौडाइ र १० फिट लम्बाइ वा त्यो भन्दा लामो आकारको र १५ इन्च गहिरो जमिन तयार गर्नु पर्छ ।

**चरण २.** तयारी जमिनमा सबैभन्दा पहिले पातपतिङ्गर, पराल, सुकेको झारपात, नरिवलको जट्टा, भुस आदि सुख्खा जैविक वस्तुहरू राखेर १५ से. मि. बाक्लो आधार तह बनाउनु पर्छ ।

**चरण ३.** आधार तहको सुकेको जैविक वस्तुहरू माथि क्रमैसंग खरानी र पछि हल्का भिज्ने गरी जैविक उत्पादन उत्प्रेरक (इ.एम.) राख्नु पर्छ । खरानीमा भएको फोस्फोरसले कम्पोष्ट मलमा किरा लाग्नबाट बचाउँछ । इ.एम.को सुक्ष्मजीवले जैविक वस्तुहरूलाई कुहाएर छिटो मल बनाउन मद्दत गर्छ ।



**चरण ४.** इ.एम.को माथि ५ से.मि. बाक्लो हुनेगरी बायोग्याँस प्लाण्टबाट निस्केको भिजेको लेदोमल हाल्नु पर्छ । त्यस लेदो मलको माथि पनि १५ से.मि. जति कुहिने फोहरहरू राखेर पूर्ण रूपमा छोप्नु पर्छ ।

**चरण ५.** पुनः चरण २, ३ र ४ मा जस्तैगरी सुकेको जैविक र सुख्खा वस्तु, खरानी, इ.एम, लेदोमल र कुहिने फोहर वा घाँसले छोप्दै तह बनाउने प्रकिया दोहोऱ्याउँदै थुप्रोलाई ५ फिट उचाइसम्म पुऱ्याउन सकिन्छ । यो भन्दा बढी उचाई हुनुहुँदैन ।

**चरण ६.** यसरी ५ फिट उचाइसम्म थुप्रेको फोहरलाई घामपानीबाट बचाउन माटो वा बोरा वा परालले छोप्न सकिन्छ । यसरी करिब ३ महिनापछि कम्पोष्ट मल तयार हुन्छ ।

## लेदोमल प्रयोग गरी कम्पोष्ट मल बनाउँदा ध्यान दिनुपर्ने कुराहरु :

१. हातमा पञ्जा, मुखमा मास्क वा कपडाले मुख छोपी सुरक्षित भई काम गर्नु पर्छ ।

२. मल छिटो बनाउन प्रत्येक जैविक फोहरलाई स-सानो आकारमा टुक्राउनु पर्छ ।



३. तापक्रम बढाइ कम्पोष्टिङ प्रक्रिया तिब्र गर्न फोहरको थुप्रोलाई पराल वा बोराले छोप्नु पर्छ । सिधै घाम र पानी पर्नुबाट पनि बचाउनुपर्छ ।

४. फोहरको थुप्रोमा हात छिराउँदा अलि पोल्ने तातो हुनुपर्छ ।

५. फोहरको थुप्रो हातले छुँदा ठिक्कको ओसिलो हुनुपर्छ । यदि थुप्रोमा पानी बढी भएमा काठको भुस वा सुख्खा बस्तुहरू छर्कनु पर्छ ।



६. यदि फोहरको थुप्रो सुख्खा भएमा केही पानी छर्कनु पर्छ ।

७ फोहरको थुप्रोलाई मासिक रूपमा पल्टाउनु पर्छ जसबाट भित्रसम्म हावा पुगी दुर्गन्ध कम भई कम्पोष्टिङ प्रक्रिया तिब्र हुन्छ ।

८. थुप्रो पल्टाउँदा, दुई जनाले कोदालोको सहायताले थुप्रोको एक छेउबाट खन्दै, पन्छाउँदै नजिकै नयाँ थुप्रो बनाउनु पर्छ ।



९. करिब ३ महिनापछि जब कम्पोष्ट मल तयार हुन्छ त्यो कालो-खैरो रंगको हुनु पर्छ । मललाई हातमा मुठ्ठी पारेर छोड्दा फिस्स जाने, हातमा नटाँसिने र हलुका चिस्यान भएको हुनुपर्छ ।



१०. फोहर छोएर काम सकिएपछि साबुन पानीले राम्ररी हात धुनु पर्छ ।

## लेदोमल प्रयोग गरी बनेको कम्पोष्ट मलको फाइदाहरु :

१. माटोको गुणस्तर सुधार्नुका साथै उर्वराशक्ति संतुलित गर्छ ।
२. माटोमा हावा र पानीको आवागमन र निकासलाई खुकुलो पारी पानी ग्रहण गर्ने शक्ति बढाउँछ ।
३. चिम्टाइलो वा कडा माटो खुकुलो पार्छ र बलौटे माटोलाई मलिलो बनाउँछ ।
४. कम्पोष्ट मलको प्रभाव धेरै वर्षसम्म माटोमा रहि रहन्छ ।
५. कम्पोष्ट मल बनाउँदा गाउँ-शहर सफा भई स्थानीय तहको फोहर व्यवस्थापनमा टेवा पुग्छ ।

## माटो अनुसार कम्पोष्ट मल प्रयोग गर्ने विधिहरु :

- ✓ माटोको गुणस्तर अनुसार कम्पोष्ट मल प्रयोग गर्ने मात्रा फरक हुन्छ ।
- ✓ धेरै रसायनिक मल प्रयोग भईसकेको ठाँउमा मात्रा अनुसार धेरै कम्पोष्ट मल प्रयोग गर्नुपर्छ ।
- ✓ मल र माटो राम्ररी मिसाएपछि तयार भएको माटोमा बिरूवा रोप्नु पर्छ ।

| |
|---|
| १. उर्वरा र सिचाइ गरिएको माटोमा : १ देखि २ टन मल प्रति हेक्टर जमिनमा |
| २. नियमित कम्पोष्ट मल प्रयोग भइरहको माटोमा : ३ भाग माटोमा २ भाग कम्पोष्ट मल (२:३ अनुपात) |
| ३. चिमटाइलो माटो र पहिले कहिल्यै कम्पोष्ट मल प्रयोग नभएको माटोमा : माटो र कम्पोष्ट मल बराबरी मात्रा (१:१ अनुपात) |
| ४. सुख्खा माटोमा : २ देखि ३ टन मल प्रति हेक्टर जमिनमा |
| ५. फूलको बिरूवामा : फूल फुल्ने समयमा बिरूवाको वरिपरि १ इन्च बाक्लो मल राख्ने (मललाई फेरि माटोले राम्ररी छोप्ने) |





## बाली/बिरुवा अनुसार कम्पोष्ट मल प्रयोग गर्ने मात्राहरु :

| | |
|---|---|
| १. गहुँ, जौ, मकै, फापर, दाल र तोरीहरू | २ देखि ३ मेट्रिक टन मल प्रति हेक्टर जमिनमा |
| २. विभिन्न तरकारीहरू | ३ देखि ५ मेट्रिक टन मल प्रति हेक्टर जमिनमा |
| ३. विभिन्न फलफूलहरू | ५ देखि १० किलो ग्राम मल प्रति बिरूवा |

WASH SDG
WASH ALLIANCE International Accelerating WASH
ENPHO Creating Eco Societies
२०७७